# मिति २०८०/०५/२६ गते मंगलबार १४४औं कार्यपालिका बैठक

## प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. अट्वारी तथा तीज पर्वको शुभकामना सम्बन्धमा।
३. नगर प्रमुखको विदेश भ्रमण स्वीकृत सम्बन्धमा सम्बन्धमा।
४. आ.व. २०७९/८०को वार्षिक समिक्षा तथा सार्वजनीक सुनुवाई प्रतिवेदन अनुमोदन सम्बन्धमा।
५. आ.व. २०८०/८१को नगर दररेट सम्बन्धमा।
६. आ.व. २०७९/८० भुक्तानी बाँकी सम्बन्धमा।
७. स्थानीय तहहरुको आवधिक योजना तर्जुमा सम्बन्धी परामर्शदाताका लागि कार्यशर्त सम्बन्धमा।
८. अध्ययन पूर्व स्वीकृती र असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा।
९. स्वास्थ्यकर्मी सूचीकृत गर्ने सम्बन्धमा।
१०. योजना कार्यान्वयनका लागि सिफारिस गर्ने सम्बन्धमा।
११. टोल सडकको मार्गको नाम परिवर्तन गर्ने सम्बन्धमा।
१२. अम्बिकेश्वरी मन्दिर संरक्षण तथा सम्वर्धन समितिलाई समर्थन पत्र दिने सम्बन्धमा।
१३. लागत सहभागिता रकम फिर्ता सम्बन्धमा।
१४. कार्यविधि पारित सम्बन्धमा।
१५. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१६. घर नक्सा तथा अभिलेखिकरणको प्रमाणपत्र दिने सम्बन्धमा।
१७. आर्थिक सहयोग सम्बन्धमा।

- Lions Club International 325 Nलाई सहयोग।
- खेलाडीहरुलाई सहयोग सम्बन्धमा।
- नेवार सेवा समितिलाई पर्व जात्रा मनाउनका लागि सहयोग।
- नेपाल महिला सीप विकास मञ्चलाई तिज विशेष कार्यक्रमका लागि सहयोग।
- बहिराहरुका लागि तिज मिलन कार्यक्रमका लागि सहयोग।
- स्वर्गद्वारी प्यूठान दाङ सरोकार समाजलाई सराय नाँचका लागि सहयोग।
- गाईजात्रा कार्यक्रमका लागि सहयोग।
- नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति दाङ।
- औषधी उपचारका लागि सहयोग।
- पाण्डेय सेवा समाजलाई सहयोग।
- किरिया खर्चका लागि सहयोग।
- संयुक्त एम्बुलेन्स चालक संघ नेपाल।

१८. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

हिन्दु नारीहरुको महान चाड तीज तथा थारु समुदायको अट्वारी पर्वको अवसरमा सम्पूर्ण नगरवासीहरुमा मंगलमय शुभकामना व्यक्त गरियो। साथै मिति २०८०।५।३१ गते आइतबार पर्न गएको थारु समुदायको अट्वारी पर्वको अवसरमा घोराही उपमहानगरपालिका अन्तर्गतका सबै कार्यालय र सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई सार्वजनिक बिदा दिने।

**निर्णय नं. ३**

International City/Country Management Association (ICMA) को निमन्त्रणामा Austin, Txमा हुन गइरहेको 2023 ICMA Annual Conference मा सहभागी हुन नेपाल नगरपालिका संघको तर्फबाट यस उपमहागरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको मिति ३० सेप्टेम्बर २०२३ देखि ४ अक्टोबर २०२३ सम्म हुने संयुक्त राज्य अमेरिका भ्रमण उपमहानगरपालिकालाई आर्थिक भार नपर्ने गरी स्वीकृत गर्ने।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई प्रतिवेदन माथि छलफल गरी अनुमोदन गरियो।

**निर्णय नं. ५**

यस उपमहानगरपालिकाको आ.व. २०८०/८१ लागि दाङ जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट नै नगर दररेट कायम गर्ने तर उपमहानगरपालिकाको पहाडी क्षेत्रहरुमा निम्न बमोजिम ढुवानी भाडा थप गरी दररेट कायम गर्ने।

| स्रोत साधन | किसिम | परिमाण | एकाई | दर प्रति एकाई | रकम | प्रत्येक स्रोत साधनको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ट्र्याक्टर | ढुवानी | ९०००० | के.जी.Xकि.मी. | ०।०५६५ | ५०८५।०० | ५०८५।०० | **परिमाण** लोडसहीत जादा २० कि.मी., खाली आउदा १० कि.मी. र औसत ३० क्वीन्टल लोडलाई आधार मानीएको |
| | | | | वास्तविक दररेट | | ५०८५।०० | |
| | | | | १५% ओभरहेड | | ०।०० | |
| दर प्रति १ ट्रिपको | | | | जम्मा दर रेट | | ५०८५।०० | |
| रु.५०८५।०० | | | | | | | |

## निर्णय नं. ६

घोराही उपमहानगरपालिकाको आ.व. २०७९/८०मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न भई भुक्तानीका लागि पेश भएका तर स्रोत अभाव तथा पछिल्लो दुई दिन सुत्र प्रणालीमा आएको समस्याका कारण भुक्तानी हुन नसकेकासाथै योजना सम्झौता भई सम्पन्न नभएका योजनाहरुको सम्पन्न भए पश्चात तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको भुक्तानी चालु आ.व. २०८०/८१ को भुक्तानी बाँकी शीर्षकबाट भुक्तानी दिने।

तपसिलः

| सि.न. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.११ विभिन्न टोलमा ह्यूमपाईप खरीद (भुक्तानी बाँकी) | २७०१२० | |
| २ | कचिलागनार सामुदायिक भवन निर्माण, १४ नं.वडा सिमाना बोर्ड निर्माण,वडा प्रहरी कार्यालय थुनुवा कक्ष मर्मत र १४ नं.वडामा रहेको नगरपालिका अन्तर्गतका ढलान मर्मत (भुक्तानी बाँकी) | ८०५१५८ | |
| ३ | बुटनिया सुमरहवा बाँध निर्माण वडा नं.९ (भुक्तानी बाँकी) | ३८८६०० | |
| ४ | ह्यूमपाईप खरिद वडा नं.१० (भुक्तानी बाँकी) | २६८२७६ | |
| ६ | घोराही चोकदेखि गुलरीयासम्म पानी निकासकालागि आउटलेट निर्माण (भुक्तानी बाँकी) | ९८३७४३ | |
| ७ | विधुतपोल खरीद वडा नं.१० (भुक्तानी बाँकी) | २८२१४९ | |
| ८ | ह्युमपाइप खरीद (भुक्तानी बाँकी) | १८९९९८२ | |
| ९ | ह्यूमपाईप खरीद वडा नं.९ (भुक्तानी बाँकी) | ९६२८१ | |
| १० | विधुत तार खरीद (भुक्तानी बाँकी) | ४३८२६५३ | |
| ११ | सिंचाईमा प्रयोगहुने HDP pipe तथा जुट पाईप खरीद (भुक्तानी बाँकी) | ९९३५१५ | |
| १२ | सब्जीमण्डीमा सेफ्टी ट्याङक तथा सोकपिट निर्माण,१नं.वडा कार्यालय परिसरमा नाला निर्माण र रामघाट भल्भ विस्तार तथा विभिन्न स्थानमा स्ल्याव निर्माण(भुक्तानी बाँकी) | ८०५४०४ | |
| १४ | विधुत पोल खरीद(भुक्तानी बाँकी) | १२८७१२६ | |
| १६ | ह्युमपाईप मर्मत संहार योजनाकालागि ग्राभेल ढुवानी-९ (भुक्तानी बाँकी) | ७२८६२ | |
| १७ | सौडियार स्वास्थ्य चौकी पर्खाल निर्माण(भुक्तानी बाँकी) | २९१००० | |

| | | | |
|---|---|---|---|
| १८ | शुक्रवार चौतारीदेखि ठाँटि मोहरासम्म बाटो स्तरोन्नती वडा नं.७(भुक्तानी बाँकी) | ९७४५०० | |
| १९ | कात्तिके स्यानी दमारहुदै सिस्नेरी पुग्ने मोटरबाटो निर्माण वडा नं. १२(भुक्तानी बाँकी) | ७७७२०० | |
| २० | वडा नं.१२ ठटौली सिंगे सोता तालदेखि पूर्वतर्फ चनौली कुलासम्म जाने बाटो स्तरोन्नती | ९७४५०० | |
| २१ | विभिन्न स्थानमा नाला खन्ने बाटो मर्मत ह्यूमपाईप ब्यवस्थापन वडा नं.१६ | ४९५९६ | |
| २३ | नगर तथा वडाको सहकार्यमा मर्मत प्रयोजनार्थ ईन्धन वडा नं.१३ | १३२००४ | |
| २४ | ढुमरुक टोलमा खानेपानी निर्माण | ४१५२० | |
| २५ | वडा नं.१४ लखन थापा क्याप्टेन पार्कमा शहिद स्तम्भ वरपर निर्माण गरिएको पानीको फोहरा मर्मत तथा लाईट सिस्टम ब्षवस्थापन(भुक्तानी बाँकी) | १९४३०० | |
| २६ | वडा नं.७ शुक्रवार विद्युत विस्तार(भुक्तानी बाँकी) | ४८५७५० | |
| २७ | वडा नं.७ शुक्रवार लिफ्ट सिंचाई मर्मत(भुक्तानी बाँकी) | ३८८६० | |
| २८ | घोराही खानेपानीलाई म्याचिङ फण्ड(भुक्तानी बाँकी) | १००००००० | |
| २९ | घोराही-६ स्थित लमडरुवामा अधुरो सामुदायिक भवन निर्माण (भुक्तानी बाँकी) | ४६६१०३ | |
| ३० | वडा नं.७ शुक्रवार पुरानो थारुगाउँ बाटो स्तरोन्नती (भुक्तानी बाँकी) | ४८५७५० | |
| ३१ | वडा नं.११ शिवपुरटोलमा रिङकुवा निर्माण(भुक्तानी बाँकी) | १७५०१४ | |
| ३२ | वडा नं.६ लमडरुवा सिंचाईकालागि पाईप विस्तार (भुक्तानी बाँकी) | ४८५७५० | |
| ३३ | वडा नं.८ सेवालीडाँडा डिपबोरीङ संचालन | ६६७९८१ | |
| ३४ | वडा नं.१३ भ्यूडर बहकुने बराहक्षेत्रको बिचमा डिपबोरीङ निर्माण (भुक्तानी बाँकी) | ११४२५५० | |
| ३५ | वडा नं. ५ डाँगीगाउँ स्कुलदेखि डुवरुङे टोल हुँदै दोभान चोक झर्ने बाटो कालोपत्रे (भुक्तानी बाँकी) | १२००००० | |
| ३६ | घोराही तुलसीपुर सडक अन्तर्गत सानीअम्बापुरदेखि पश्चिम कविला रिसोर्टजाने बाटो कालोपत्रे (भुक्तानी बाँकी) | १०००००० | |

| | | | |
|---|---|---|---|
| ३७ | वडा नं. १७ सहयोगी टोलमा छविलाल चौधरीको घरदेखि खुशीराम चौधरीको घरसम्म ढिकपुर सडक पिच (भुक्तानी बाँकी) | ५०००० | |
| ३८ | अम्बिकेश्वरी टोल भेषराज भण्डारीको घरदेखि खानेपानी टंकीसम्म सडक स्तरउन्नती (भुक्तानी बाँकी) | ८००००० | |
| ३९ | वडा नं. ४ रोहिणी दह लिफ्ट सिंचाई (भुक्तानी बाँकी) | ५००००० | |
| ४० | वडा नं.१८ चेतमान श्रेष्ठको घरदेखि महिला सामुदायिक भवन सम्मा अधुरो नाला निर्माण (भुक्तानी बाँकी) | १०००००० | |
| ४१ | वडा नं.३ वर्गदुवा खा.पा टंकीदेखि भानपुरको मन्दिरसम्म सडक कालो पत्रे (भुक्तानी बाँकी) | १५००००० | |
| ४२ | वडा नं.१० चारबगिया थारुगाउँको बाटोमा पक्की नाला निर्माण (भुक्तानी बाँकी) | १०००००० | |
| ४३ | त्रिवेणी अल्मोनियम फर्निचर उद्योग (भुक्तानी बाँकी) | १८९०० | |
| ४४ | समृद्धी इन्टनप्राइजेज (भुक्तानी बाँकी) | २१५७२ | |
| ४५ | लेखन वृत्ती र वार्षिक म्यागेजिन प्रकासन (भुक्तानी बाँकी) | १००००० | |
| ४६ | कृष्ण टोलमा पर्ने बोस्सी ताल नजिकै माटो फिलिङ गर्ने काम (गोरखनाथ ढुवानी सेवा) (भुक्तानी बाँकी) | ४४०७० | |
| ४७ | वडा नं. १८ हात्तीखर्क शहरी स्वास्थ्य केन्द्रमा प्लम्बिङ (जि.एम. प्लम्बिङ ट्रेडर्स) (भुक्तानी बाँकी) | ६८०४१ | |
| ४८ | सवारी साधन मर्मत (पाण्डवेश्वर मोटर पार्टस) | १७७०७१ | |
| ४९ | सवारी साधन मर्मत (नयाँ नेपाल मोटरसाइकल वर्कशप) | ९८४७० | |
| ५० | सवारी साधन मर्मत (लालु मोटरसाइकल वर्कशप) | १०००० | |
| ५१ | सवारी साधन मर्मत (नोवल ट्रेडिङ्ग प्रा.लि.) | ११५०० | |
| ५२ | सवारी साधन मर्मत (नेशनल ट्रेडिङ्ग एण्ड सप्लायर्स) | १९९९९ | |
| ५३ | मासु आत्म निर्भर कार्यक्रम (पशु सेवा शाखा) भुक्तानी बाँकी | ३२००००० | |
| | **जम्मा** | ४११८७८७० | |

**निर्णय नं. ७**

यस उपमहानगरपालिकाको आवधिक योजना निर्माण गर्नको लागि परामर्श सेवा खरिद गर्न तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR) स्वीकृत गर्ने। साथै उक्त परामर्श सेवा खरिदको लागि तयार गरिएको रु. १४ लाख ९० हजारको लागत अनुमान समेत स्वीकृत गर्ने।

**निर्णय नं. ८**

८.१ यस कार्यालयको भवन अनुमती तथा मापदण्ड कार्यान्वयन शाखामा इन्जिनियरिङ अधिकृत छैटौ तहमा कार्यरत निम प्रसाद शर्मालाई मध्य पश्चिमाञ्चल विश्व विद्यालय Graduated School of Engineering अन्तर्गत स्नातकोत्तर तहको MSc In Structural Engineering विषय अध्ययनको लागि निजामती सेवा नियमावली २०५० को नियम १२७ क बमोजिम अध्ययन पूर्व स्वीकृति दिनको लागि सिफारिस गर्ने।

८.२ यस कार्यालयका इन्जिनियर अधिकृत छैटौ तहमा कार्यरत हिमाल वलीले Master in Engineering Latrobe University Australia मा अध्ययनका लागि असाधारण विदा माग गर्नु भएकोमा निजामती सेवा नियमावली २०५० को नियम ६२ को उपनियम ३ (ख) बमोजिम मिति २०८०।०४।१९देखि मिति २०८०।०४।१८ गतेसम्म एक वर्षको असाधारण बिदा स्वीकृतिको लागि सिफारिस गर्ने।

८.३ नेपाल सरकार कृषि तथा पशुपंक्षि विकास मन्त्रालय पशुसेवा विभाग र विभिन्न विश्वविद्यालयहरुसँग भएको सहमती अनुसार नेपाल सरकारलाई उपलब्ध भएको कोटामा अध्ययनका लागि यस कार्यालयको पशुसेवा शाखामा कार्यरत हिम प्रसाद शर्मा (सहायक स्तर पाँचौ) र शिला डि.सी.(सहायक स्तरपाँचौ) लाई अध्ययनका लागि निजामति सेवा नियमावली २०५० को नियम १२७ (क) बमोजिम अध्ययन पूर्व स्वीकृती दिने।

**निर्णय नं. ९**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाबाट जारी गरिएको सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ दफा १२को उपदफा क अनुसार सुचीकरण गर्न तथा दफा १३ को उपदफा (१), (३) र (४) अनुसारको सूचिकरण प्रक्रिया पुरा गरेका यस उपमहानगरपालिका अन्तर्गत तपसिलका स्वास्थ्य संस्थाहरुमा कार्यरत तपसिलका नर्सिङ स्वास्थ्य कर्मीहरुलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७ अनुसार सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने प्रयोजनका लागि स्वास्थ्यकर्मी सूचीकृत गर्ने ।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | कर्मचारीको नाम थर | पद | सेवाको किसिम | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संस्थागत परिवार नियोजन क्लिनिक | राधा पौडेल | ब.अ.न.मी. | सुरक्षित गर्भपतन सेवा | ९८५७८३६३३५ | |
| २ | लक्ष्मीपुर स्वास्थ्य चौकी | सुमित्रा ढकाल | सि.अ.न.मी. | सुरक्षित गर्भपतन सेवा | ९८६६८४२१९७ | |

**निर्णय नं. १०**

ग्रामिण सडक सञ्जाल सुधार आयोजना समान्वय इकाई श्रीमहल पुल्चोक ललितपुरबाट घोराही उपमहानगरपालिकाको कुइरेपानीदेखि तुलसीपुर उपमहानगरपालिकाको बखरियासम्म २८.५ कि.मी. सडकको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) लगायतका कार्य भएको र हालसम्म सडक निर्माणको प्रक्रिया सुरु नभएको साथै सम्पर्कमा समेत नरहेकोले यस वडाको धारापानीदेखि डाँगीगाउँसम्म DPR सहित नाला बस स्टप सहितको कालोपत्रे सडक निर्माणका लागि श्री सघन तथा भवन निर्माण आयोजना घोराही दाङलाई सिफारिस गर्ने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. १७को मयुर टोल विकास संस्था अन्तर्गत रहेको टिकाराम खनालको घरदेखि पूर्व सोतासम्मको बाटोलाई बुटवल मार्ग नामाकरण गरिएकोमा सो संशोधन गरी उक्त मार्गलाई वर्गदी शहिद मार्ग नामाकरण गर्ने।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. १८ अम्बापुर स्थित अम्बिकेश्वरी मन्दिर संरक्षण तथा संबर्द्धन समितिको विधान २०७३ दफा २१ को उपदफा ४ लाई हटाइ विधान संसोधन गर्न सहमती दिने।

**निर्णय नं. १३**

वडा नं. ८ बुधौरा इन्द्राशन टोल पूर्णकली वि.क. र खिर बहादुर वि.क.को घरनेर कुवा निर्माणका लागि रु. ५००००।– बजेट विनियोजना भएको त्यसै अनुरुप उपभोक्ता समिति मार्फत योजना कार्यान्वयनका लागि लागत सहभागिता वापतको रकम रु. २५००।– (रसिद नं. २४५८८ मिति २०८०।०१।०५) घोराही उपमहानगरपालिकाको राजश्व शाखामा जम्मा गरिएकोमा उक्त योजना विविध कारणले कार्यान्वयन हुन नसकेकोले उक्त रकम यस कार्यालयको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने।

**निर्णय नं. १४**

यस घोराही उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा र जनस्वास्थ्य प्रवर्द्धन शाखाबाट पेश भएका तपसिल बमाजिमका कार्यविधि पारित गर्ने।

१. सामुदायिक विद्यालयको सम्पत्ती एवम् जग्गा व्यवस्थापन कार्यविधि, २०८०
२. संस्थागत विद्यालय छात्रवृत्ती वितरण कार्यविधि, २०८०
३. करार शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०८०
४. स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०८०
५. आ.व. २०८०/८१मा सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन सम्बन्धी मार्गदर्शन

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०।०५।२६ गतेको बसेको बैठकको देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने।

**१५.१** घोराही उपमहानगरपालिकाको आधारभूत तह (कक्षा १-८)को स्थानीय पाठ्यक्रम २०८० स्वीकृत भई सोही बमोजिम पाठ्यपुस्तक लेखन कार्यको लागि आ.व. २०८०/८१मा बजेट तथा कार्यक्रम स्वीकृत भइसकेको र पाठ्यक्रम विकास केन्द्रको पाठ्यापुस्तक लेखनको सम्बन्धमा प्राप्त नर्म्स समेतको आधारमा तपसिल बमोजिमको नर्म्स कायम गर्ने।

| सि.नं. | विवरण | स्पेसिफिकेसन | प्रति पृष्ठ अधिकतम मूल्य(भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | घोराही उपमहानगरपालिकाको आधारभूत तह(१-८)को स्थानीय पाठ्यपुस्तक हाम्रो घोराही | लेखन सम्पादन चित्र निर्माण टाइपिङ र डिजाइनिङ | ६५०।–(छ सय पचास) | प्रति कक्षा पाठ्यपुस्तक ९० देखि १२० पेज हुनुपर्ने र A4 size नेपाली भाषा प्रिती फन्टमा १४ र अंग्रेजीमा Times New Roman Fontमा १२ लाइन स्पेस १.५ |

**१५.२** घोराही उपमहानगरपालिकामा संघीय शिक्षण सिकाइ अनुदानबाट तलब भत्ता खाने गरी माध्यामिक तहमा १५ जना अग्रेजी, गणित र विज्ञान शिक्षक नियुक्त भएको तर चालु आर्थिक वर्षमा माध्यामिक तह (कक्षा ९-१०)को शिक्षण सिकाइ अनुदान शीर्षकमा ९ जना शिक्षकका लागि मात्र तलब भत्ता प्राप्त भएकोले आर्थिक वर्ष २०८०/८१को कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित शर्तको अधिनमा रही चालु आर्थिक वर्षको संघीय शिक्षण सिकाइ अनुदान कोटा तपसिल बमोजिमका विद्यालयमा १/१ वटा कायम गर्ने। साथै यसरी कोटा कायम गर्दा वढी हुन आएको २ वटा कोटा घोराहीको दुर्गम क्षेत्र वडा नं. १९मा रहेका २ वटा माध्यामिक विद्यालयमा वितरण गर्ने।

**तपसिलः**

| सि.नं. | विद्यलायको नाम | मौजुदा माध्यामिक दरबन्दी | कायम भएको शिक्षण सिकाइ अनुदान कोटा |
|---|---|---|---|
| १ | माध्यामिक विद्यालय झिङ्नी बन्जारी घोराही ३ | १ | १ |
| २ | माध्यामिक विद्यालय जजरागाउँ घोराही ६ | १ | १ |
| ३ | जनजागृती माध्यामिक विद्यालय घोराही १० | १ | १ |
| ४ | बालकल्याण माध्यामिक विद्यालय घोराही ११ | १ | १ |

| | | | |
|---|---|---|---|
| ५ | बालविकास माध्यामिक विद्यालय घोराही १४ नयाँबजार | १ | १ |
| ६ | भगवती माध्यामिक विद्यालय घोराही १९ होडवाङ | १ | २ |
| ७ | अन्तराष्ट्रिय युवा वर्ष माध्यामिक विद्यालय घोराही १९ तोष | १ | २ |

१५.३ संघीय शिक्षण सिकाइ अनुदानबाट तलब भत्ता खाने गरी यस उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आधारभूत तह (कक्षा ६-८) तथा माध्यामिक तह(कक्षा ९-१०)मा अंग्रेजी गणित र विज्ञान शिक्षक पदमा नियुक्ति भई कार्यरत निम्न माध्यामिक शिक्षक ४ जना र माध्यामिक शिक्षक १५ जना रहेको चालु आर्थिक वर्ष २०८०/८१ मा आधारभूत तहको शिक्षण सिकाइ अनुदान प्राप्त नभएको र माध्यामिक तहको शिक्षण सिकाइ अनुदान ९ जना शिक्षक बराबर मात्र प्राप्त भएकोले चालु आ.व.को श्रावण र भदौ महिना बाहेक १० महिनाका लागि स्वयंसेवक शिक्षक सरह पारिश्रमिक प्रदान गर्ने गरी ४ जना आधारभूत तहका शिक्षकलाई प्रति शिक्षक मासिक रु.२०,०००।– (बिस हजार), एक महिना बराबरको चाडपर्व खर्च तथा ६ जना माध्यामिक तहका शिक्षकलाई प्रति शिक्षक मासिक रु.२५,०००।(पच्चिस हजार) एक महिना बराबरको चाडपर्व खर्च तथा आधारभूत र माध्यामिक दुवै तहका १० जना शिक्षकका लागि पोसाक खर्च प्रति शिक्षक रु.१०,०००।– (दश हजार)का दरले हुन आउने रकम समेत गरी कुल रकम रु.२६,३०,०००।– (छब्बिस लाख तिस हजार) र चालु आ.व.को श्रावण र भदौ महिनाको पारिश्रमिक संघीय शिक्षण सिकाइ अनुदान शिक्षक सरह माध्यमिक तहको जम्मा रु. ५ लाख २४ हजार २ सय ६८ र आधारभूत तहको जम्मा रु. २ लाख ७७ हजार ८ सय ४० समेत कुल जम्मा ३४ लाख ३२ हजार १ सय ८ रुपैया मात्र चालु आ.व.को कार्यक्रम स्वयमसेवक शिक्षक व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट व्यहोर्ने।

निर्णय नं.१६

यस उपमानगरपालिका भित्र नक्सा पास नगरी वा स्वीकृत नक्सा भन्दा फरक गरी बनाएका घरहरुको अभिलेखिकरण गरी कैफियत निर्माण सम्पन्न प्रमाणपत्र दिन सूचना प्रकाशित भएकोमा प्राप्त निवेदनहरुमा देखिएका समस्या समाधान गर्न देहाय बमोजिम गर्ने।

**तपिसलः**

| सि.न | समस्याहरु | निर्णय | कैफियत |
|---|---|---|---|
| १ | वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मापदन्ड २०७२ लागू हून पूर्व तत्कालिन मापदण्ड पूरागरी एकतला निर्माण सम्पन्न प्रमाणपत्र लिएका/नलिएका भवनहरुको तल्ला थप दिन नसकिएका भवनहरुको हकमा | समग्र भवनको हिसावले २.५ तल्ला नवड्ने गरी थप १.५ तल्ला सम्म तत्कालिन मापदण्ड वमोजिम तल्ला थप नक्सा पास इजाजत दिने | |
| २ | नक्सापास मापदन्ड लागू गर्दै जाने क्रममा मापदण्ड अनूसार वनेका तर MRT 205 भन्दा कही फरक परेका जस्तै (सर्पोट को रुपमा छेउ तथा विचमा इटको पिल्लर भएका, Span MRT 205 ले तोकेभन्दा फरक परेको,Span ko Multiply 13.5 sqm भन्दा वढी भएका) विभिन्न मितिमा एकतल्ला स्वीकृती लिइ निर्मार्ण सम्पन्न प्रमाणपत्र लिएका / नलिएका भवनहरुको तर तल्ला थप इजाजत दिन नसकीएका भवनहरुको हकमा | समग्र भवनको हिसावले २.५ तल्ला नवड्ने गरी थप १.५ तल्ला सम्म तल्ला थप नक्सा पास इजाजत दिने | |
| **अभिलेखीकरण सम्वन्धी समस्याहरु** | | | |
| १ | रामपूर सडक खण्ड वाटोको चौडाइ कती कायम गर्ने | शहरी सडक मापदण्ड २०७६ ले तोकेवमोजिम एक जिल्ला देखी अर्को जिल्ला जोड्ने मापदण्ड ४२ मी लागू गर्ने | |
| २ | वोर्डीड स्कूल, क्याम्पस संस्थागत भवन लगाएत अन्य सार्वजनिक भवनहरु | वनेको संरचनाको Structure Analysis गर्दा सुरक्षित देखीएका भवनहरु लाइ प्रमाणपत्र दिने | |
| ३ | मूख्य सडकको मापदण्ड पूगेको तर सहायक सडकको मापदण्ड नपूगेको कर्नरका घरहरु | हालको अवस्थामा मुख्य सडकलाइ आधार मानी मूख्य सडकको मापदण्ड हेरी सहायक सडक विस्तार नहूदा सम्मको लागि प्रमाणपत्र रहने र सडक विस्तार गर्ने क्रममा स्वत प्रमाणपत्र रद्ध हूने कवूलिएत गराइ हाललाइ अभिलेख प्रमाणपत्र दिने | |

| | | | |
|---|---|---|---|
| ४ | लमही घोराही तूल्सीपूर सडक खण्ड, घोराही वंलाचूली प्यूठान सडकखण्ड लगाएत सडकहरुमा केन्द्ररेखा वाट २१ मीटर नछोडी निर्मार्ण गरेका भवनहरु तथा अन्य भित्री सडकहरु | केन्द्र रेखावाट २१ मिटर छोडी वाकी जती घर वचेको हून्छ उक्त वचेको भागलाइ मात्र अभिलेखमा समावेस गर्ने, अन्यभित्री सडकहरुमा समेत वाटोको मापदण्ड तथा सेटव्याक हेरी सोही वमोजिम गर्ने | |
| ५ | जग्गाको नक्सा तथा क्षेत्रफल भन्दा वढीमा निर्माण भएका भवनहरु | सवैतिरका सधियारको सहमती कागज गराइ उक्त जग्गाको नक्सा तथा क्षेत्रफल भन्दा वढी जति छ उक्त भाग घटाइ आफेनो जग्गामा मात्र जति क्षेत्रफल हून्छ उक्त भागलाइ मात्र अभिलेखमा समावेस गर्ने | |
| ६ | सडकको Entry and exit मा सडक मापदण्ड भन्दा कम भएको तर विचमा कूनैपनी घरधनीले अफ्नो जग्गामा मापदण्डअनूसार छोडेर निर्माण भएको अवस्थामा | सडकको Entry and exit हालको अवस्था जे जस्तो भएपनी मापदण्ड छोडेर वनाएको घरधनी लाइ अभिलेखमा समावेस गर्ने | |
| ७ | विभिन्न मितिहरुमा निर्माण इजाजत लिएका तर स्वीकृत नक्सा भन्दा फरक गरी वनाएका भवनहरु | भवन अनुमती तथा इजाजत सम्वन्धी कार्यविधि (पहिलो संसोधन) २०७९ लागु हुनुपुर्व प्रकृयामा आएका घरधनीहरुले जूनसूकै समयमा पनी अभिलेखीकरणमा दर्ता गरी नियमानूसार दस्तूर लिइ कैफियत निर्माण सम्पन्न पमाणपत्र दिने । | |
| ८ | विभिन्न मितिहरुमा निर्माण इजाजत लिएका तर स्वीकृत नक्सा भन्दा फरक गरी वनाइ निर्माण सम्पन्न प्रमाणपत्र नलिएका भवनहरुको राजश्व सम्वन्धमा | विभिन्न मितिमा नक्सापाश गरी राजश्व तिरिसकेका तर स्वीकृत नक्सा भन्दा फरक गरी वनेका तर निर्माण सम्पन्न लिन नपाएका भवनहरु को हकमा तत्कालिन राजश्व तिरीसकेको क्षेत्रफल लाइ राजश्व तिरीसकेको मानी हालको प्रचलित थप दस्तूर मात्र लिइ कैफियत निर्माण सम्पन्न प्रमाणपत्र दिने । | |

## निर्णय नं. १७

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

| क्र.स. | संस्था, व्यक्ति तथा कार्यक्रमको नाम | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | Lions Club International 325 N | १०००००।- | कपडाको झोला वितरणको लागि |
| २ | एन्जस रोका | १००००।- | साफ चेम्पियनसिप फुटवल प्रतियोगितामा भाग लिन यातायात खर्च |
| ३ | तेक्वान्दो खेलाडी भिम बहादुर थापा, अनिशा घिमिरे र श्रृष्टी योगीलाई प्रति व्यक्ति १५०००।– का दरले | ४५०००।- | सातौ दक्षिण एशियाली आई टी.एफ. तेक्वान्दव प्रतियोगितामा सहभागी खेलाडी |
| ४ | नेवा सेवा समिति घोराही दाङ | ३५०००।- | घण्टाकर्ण, लाखे नाच, गाईजात्रा, रोपाइजात्रा र दही जात्राका लागि |
| ५ | नेपाल महिला सिप विकास मञ्च | २५०००।- | तिज विशेष कार्यक्रमका लागि |
| ६ | बहिराहरुका लागि तिज मिलन कार्यक्रम | २५०००।- | |
| ७ | स्वर्गद्वारी प्यूठान दाङ सरोकार समाजलाई सराय नाँचका लागि सहयोग | ५००००।- | |
| ८ | Rotary Club of Dang | २५०००।- | गाइजात्रा कार्यक्रमका लागि |
| ९ | नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति | २५०००।- | व्याटमिन्टन तथा कविता प्रतियोगिता कार्यक्रम संचालनका लागि |
| १० | पार्वता थापा<br>घोराही उपमहानगरपालिका वडा नं. १० | १५०००।- | औषधी उपचारका लागि |
| ११ | पाण्डेय सेवा समाज घोराही उपमहानगरपालिका वडा नं. १८ | ५००००।- | नवलपुर स्थित शिव मन्दिर संरक्षणका लागि |
| १२ | हुर्मत वि.क.<br>घोराही उपमहानगरपालिका वडा नं. १६ | २५०००।- | मृतकको परिवारलाई किरिया खर्च सहयोग |

| | | | |
|---|---|---|---|
| १३ | संयुक्त एम्बुलेन्स चालक संघ नेपाल<br>ट्रेड युनियन संघ | २००००।- | दोस्रो राष्ट्रिय भेलाका लागि |
| १४ | घोराही उपमहानगरपालिको वडा नं. १२मा परेको चटयाङ घाइतेहरुले खाएको खाना नास्ता वापतको विल भुक्तानी | ६३००।- | |

**निर्णय नं.१८**

क. घोराही उपमहानगरपालिकाको स्थानीय वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको घोराही उपमहानगरपालिकाको वन ऐन २०८० तर्जुमाको लागि प्राप्त विधेयक सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी अन्तिम रुप दिन वन, वातावरण तथा विपद व्यवस्थापन समिति लाई जिम्मा दिने।

ख. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीमा रहेका तथा फर्केका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्न १२ कक्षा उत्तिर्ण गरेका गणकहरु माग गरिकएकोमा कुनै वडामा १२ कक्षा उत्तिर्ण गरेका इच्छुक गणक नभएका एसएलसी/एसइइ उत्तिर्ण गरेकालाई समेत समावेस गर्ने।

ग. घोराही उपमहानगरपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको EFT(Electronic Fund Transfer) मार्फत रकम ट्रान्सफर गर्दा विविध कारण (खाता नं., नाम नभएर वा फरक परेर)लाभग्राहीहरुको खातामा रकम जम्मा हुन नसकी छुट हुन गएको हुँदा उक्त छुट भएका लाभग्राहीहरुको सन्दर्भमा बैंकमा सामाजिक सुरक्षा भत्ता वाफतको आ.व. २०७९/८०को चौथो त्रैमासिकको पालिकामा फिर्ता गर्नुपर्ने रकमबाट हिसाब मिलान हुने गरी लाभग्राहीहरुको खातामा रकम जम्मा गरी  भुक्तानी दिन सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखालाई अनुमती दिने।

घ. संविधानसभा अध्यक्ष तथा वर्तमान प्रतिनिधिसभाका सदस्य सुवासचन्द्र नेम्वाङको मिति २०८० भदौ २६ गते ७१ वर्षको उमेरमा भएको असामयिक निधनप्रति कार्यपालिकामा शोक प्रस्ताव पारित गरियो। साथै स्वर्गीय नेम्वाङप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तब्ध परिवारमा समवेदना प्रकट गरियो।